म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्कः- २४९ २०८० साउन १९ गते शुक्रबार 4 Agust 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## एकैदिन ६ जनामा डेङ्गु संक्रमण

हेटौंडाः २४ घण्टाको अवधिमा मकवानपुर जिल्लामा ६ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ। बिहिबार दिउँसो स्वास्थ्य कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार हेटौंडा उपमहानगरपालिकाका ४ जना, मकवानपुरगढी गाउँपालिकाका १ र बकैया गाउँपालिकाका १ जना गरी ६ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ।

साउन १ गते यता १७ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ। हेटौंडा उपमहानगर क्षेत्रमा साउन महिनामा १२ जनामा डेङ्गु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो। मकवानपुरमा गत वर्ष ५ हजार ८ सय ८० जनामा डेङ्गु संक्रमण पुष्टि भएको थियो।

# बालश्रमिकको उद्दार बालुवामा पानी हालेजस्तो

जमुना थिङ

हेटौंडाः श्रमिक बालबालिकाको उद्दार बालुवामा पानी हालेजस्तो भएको छ। आउँदो मंसिर मसान्तभित्र हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री बनाउने अभियानअन्तर्गत् श्रमिक बालबालिकाहरुको उद्दार कार्य भइरहेको छ। उक्त कार्य बालुवामा पानी हालेजस्तो भएको पाइएको हो।

हेटौंडा–१० की वडा सहजकर्ता सविता बिष्टले भन्नुभयो– 'श्रमिक बालबालिकाको उद्दार गरी अभिभावकलाई जिम्मा लगाउने कार्यमात्र स्थानीय सरकारले गरिरहेको छ। तर ती श्रमिक बालबालिकाको आधारभूत आवश्यकता र संरक्षणमा जोड दिएको छैन। जसले गर्दा श्रमिक बालबालिकाको उद्दार बालुवामा पानी हालेजस्तो भएको छ।'

गत बैशाख २० गते ४ जना, जेठ २४ गते ३ जना, असार २७ गते ३ जना, साउन ७ गते एक जना गरी १८ वर्षभन्दा मुनिका ११ जना बालबालिकालाई उद्दार गरिएको छ। ती बालबालबालिकालाई वर्कशप, होटल, घरेलु कामदार र सडकमा अपलपत्र परिरहेको अवस्थामा उद्दार गरिएको उहाँले जानकारी दिनुभयो। यस्तै, गत जेठ २५ गते एक बालविवाह रोकिएको र असार १७ गते एक बलात्कृत नबालिकालाई जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरीका लागि सहयोग गरिएको छ।

स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी बालबालिकाको संरक्षण हो। वडा सहजकर्ता बिष्टले भन्नुभयो– 'कतिपय होटल र वर्कशपहरुलाई श्रमिक बालबालिकालाई प्रयोग नगर्न चेतावनी दिने गरेका छौं। सोही क्रममा धादिङ होटलका सञ्चालकले आफूलाई अपशब्द प्रयोग गरे। फोन गरेर पटकपटक धम्की दिएपछि प्रहरीमा उजुरी गर्छु भनेपछि अहिले धम्की दिन छाडेका छन्।'

विभिन्न चुनौती झेलेएर वडा सहजकर्ताले काम गर्नु परिरहेको उहाँले जानकारी दिनुभयो। हेटौंडा उपमहानगर भने वडा सहजकर्ताको मात्र उक्त कार्य हो भन्दै पन्छिने गरेको आरोप उहाँले लगाउनुभयो। सबैको साथ र सहकार्य आवश्यक रहेको बताउनुहुँदै यही दिशामा बालमैत्री अभियान अघि बढे तोकिएको समयमा बालमैत्री स्थानीय शासन घोषणा हुन नसक्ने उहाँको भनाइ छ। वडालाई आउँदो भदौ २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा बालमैत्री घोषणा गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो।

छोटो समयमै बालमैत्री घोषणा गरिए निष्कृष्ट बालश्रम घोषणाजस्तै घोषणामा मात्र सिमित हुने उहाँले बताउनुभयो। २०७३ सालमा उक्त वडालाई निस्कृष्ट बालश्रममुक्त घोषणा अभियानमा सामाजिक परिचालकका रुपमा काम पनि गरेको उहाँले बताउनुभयो। अहिलेको जस्तो बोल्ने वातावरण थिएन, जसले गर्दा पनि सहजैरुपमा निस्कृष्ट बालश्रम घोषणा गर्न सकियो। 'बालमैत्री स्थानीय शासन घोषणाबारे राष्ट्रिय प्रशिक्षकबाट अभिमुखीकरण लिएका छौं', उहाँले भन्नुभयो– 'विकृति, विसंगतिविरुद्द आवाज उठाउने छौं। अनुभवी भएपछि दिगोपनका लागि मात्र बालमैत्री अभियान होइन बुझेका छौं।'

उद्दार गरिएका श्रमिक बालबालिका फेरि फर्केर आउने गरेको उहाँले जानकारी दिनुभयो। जनचेतना फैलाउने र चेतवानी दिने गर्दा पनि श्रमिक बालबालिका विस्थापित हुन नसकेको भन्दै दुःख व्यक्त गर्नुभयो। श्रम स्विकृति लिएर श्रमिक बालबालिका प्रयोग गर्न आग्रह गर्ने गरिएको उहाँको भनाइ छ।

जरिवानासमेत लिने गरिएको अवस्थामा पनि अझै श्रमिक बालबालिका विस्थापित हुन सकेका छैनन्। नियुक्ति भएको ५ महिनामा बालक्लब, बालसमूह गठन, सुर्तिजन्य पदार्थविरुद्द जनचेतना फैलाउने र श्रमिक बालबालिकाको उद्दार कार्य गरिएको छ। बालमैत्री वडा घोषणका लागि ५१ सूचक पूरा हुनुपर्दछ।

# होटलमा जुवा खेल्ने समूह पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडास्थित एक होटलमा जुवा खेल्ने एक समूहलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरीले बिहीबार साँझ ५ बजेर ४० मिनेटको समयमा हेटौंडा-२ स्थित एभोकाडो होटलबाट २ लाख ५४ हजार ४ सय २० रुपैयाँ नगदसहित पक्राउ गरेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर र ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१ का ४० वर्षीय बलराम बिश्वकर्मा, हेटौंडा-१२ का ३५ वर्षीय दीपक घले, हेटौंडा-५ का ३४ वर्षीय सहदेव लम्साल, हेटौंडा-४ का ४२ वर्षीय प्रकाश मानन्धर र चितवन जिल्लाको भरतपुर महानगरपालिका-२ घर भई हाल हेटौंडा-४ बस्ने ४५ वर्षीय सुन्दर कुमार श्रेष्ठलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीले २ बुक सिल तास, २ बुक खुल्ला तास र जुवा खेल्न प्रयोग गरेको क्वाईन ७६ थान पनि बरामद गरेको जनाएको छ। प्रहरीले घटनाको विषयमा अनुसन्धान गरिरहेको जनाएको छ।

एभोकाडो होटलका व्यवस्थापनका अनुसार बद्रिबहादुर खड्काको नाममा मंगलबारदेखि बुकिङ भएको कोठामा प्रहरीले छापा मार्दा जुवा खेलिरहेको पाइएको हो। मकवानपुरमा प्रहरी प्रमुख फेरिएलगत्तै जुवा खेल्ने समूहलाई पक्राउ गरिएको हो। प्रहरी प्रमुख फेरिएसँगै अपराध अनुसन्धान र संलग्नहरुलाई पक्राउ गर्ने कार्यमा तीव्रता देखिन्छ। क्रमशः आपराधिक क्रियाकलापमा प्रहरीको सक्रियता सुस्ताउँदै जाने गरेको छ।

# प्रतिबन्धित औषधीसहित ट्रक नियन्त्रणमा




समाज संवाददाता

हेटौंडाः हेटौंडा औद्योगिक क्षेत्रस्थित सशस्त्र प्रहरी बल १४ नम्बर गणले प्रतिबन्धित औषधीसहित ट्रक नियन्त्रणमा लिएको छ। सशस्त्र प्रहरीले हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट प्रतिबन्धित औषधी, ट्रक चालक काभ्रे देउपुर नगरपालिकाका-९, मन्डनका ५० वर्षीय ज्ञानेन्द्र कुमार सापकोटा र ट्रक नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल मकवानपुर १४ नम्बर गणका प्रहरी उपरीक्षक (एसपी) अनिल कार्कीले जानकारी दिनुभयो।

बुधबार राती १२ बजेको समयमा रातोमाटेचेक पोष्टबाट प्रहरीले बीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख २६५६ नम्बरको मालबाहक कन्टेनर ट्रक रोकी सुरक्षाजाँच गर्दा फरक बिल पाइएको कार्कीले बताउनुभयो। प्रहरीले ट्रकको चाबी नियन्त्रणमा लिने क्रममा ट्रक चालक सापकोटाले केही वस्तुहरु ट्रकको क्याविनबाट झाडीमा फाली भाग्ने प्रयास गरेकोमा प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीले ट्रकबाट १४ लाख ४७ हजार बराबरको कपडा, ७ काटुन (१ लाख ३१ हजार ७ सय ६० ट्यावलेट) प्रतिबन्धित औषधी ट्रामाडोल, म्याद सकिएको मल्टी भिटामिन फेला परेको उहाँले बताउनुभयो। उक्त औषधीसहित चालकलाई नियन्त्रणमा लिई कार्वाहीको प्रक्रिया अगाडि बढाइने कार्कीले जानकारी दिनुभएको छ।

# राज्यले शिक्षालाई विभेदकारी बनायो अभिभावकको विश्वासमा निजी विद्यालय



जमुना थिङ

हेटौंडाः राज्यले शिक्षालाई विभेदकारी बनाएको निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदीले बताउनुभएको छ। राज्यले शिक्षा ऐनमा निशुल्क शिक्षालाई प्राथमिकता दिइरहेको अवस्थामा छात्रवृत्तिदेखि दिवा खाजा वितरणसम्म विभेदकारी बनाएको उहाँको भनाई छ। विद्यालय संचालक, अभिभावक र विद्यार्थीको विश्वासले संस्थागत विद्यालय चलिरहेको बताउनुहुँदै निशुल्क शिक्षा कार्यान्वयनका लागि शिक्षालाई विभेदकारी बनाउन नहुने उहाँको तर्क छ।

हेटौंडा उपमहानगरपालिकाको शिक्षा नीतिमा एमबीबीएस अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने भनिएको छ। जसमा संस्थागत र सामुदायिक दुबै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि अवसर रहेको छ। तर, १० प्रतिशत बढी अंक सामुदायिक विद्यालय अध्ययन गर्ने विद्यार्थीको हकमा प्राथमिकता दिइएको भन्दै यसले विभेद भइरहेको उहाँको आरोप छ। संस्थागत विद्यालयका लागि अवसर भएपनि उपमहानगरले उक्त विषयमा समान्य त्रुटि भने गरेको उहाँको दावी छ। अध्यक्ष सुवेदीले भन्नुभयो, "सामुदायिक विद्यालयका हकमा कक्षा-६ सम्म अध्ययरत् विद्यार्थीका लागि दिवा खाजा रकम स्थानीय सरकारले भुक्तानी दिइरहेको छ। संस्थागत विद्यालय, अभिभावक र विद्यार्थीले कर राज्यलाई तिर्ने गरेका छन्। बालबालिका सबै यो राज्यको नागरिक भएकाले उनीहरुलाई राज्यबाट पाउनुपर्ने सेवासुविधाबाट बञ्चित गर्न हुँदैन। आफ्नो मातृभूमिप्रति सबैले गर्व गर्न सक्ने वातावरण स्थानीय सरकारले निर्माण गर्नुपर्दछ। केहीँ गरौं भन्ने भावना संस्थागत विद्यालयमा अध्ययनरत् विद्यार्थीमा पनि हुन्छ।"

असल नागरिक निर्माण र मातृभूमिप्रति प्रेम दर्शाउन सरकार जवाफदेही बन्नु आवश्यक रहेको सुवेदीले बताउनुभयो। समृद्ध समाजसँग कुरा गर्नुहुँदै उहाँले भन्नुभयो, "यदि बालबालिका देशको भविष्यको कर्णधार हो भने एउटै सेवा, सुविधा नदिने ?" यस्तै विभेद रहे निजी विद्यालयबाट उत्तीर्ण क्षमतावान विद्यार्थी विदेश पयालनको भयवाह स्थिति आउने उहाँले दावी गर्नुभयो। विश्वमा संचालित संस्थागत विद्यालयको व्यवस्थित तथा नियमन गर्नु राज्यको दायित्व भएको औंल्याउनुहुँदै सुवेदीले राज्यले दिने सेवा, सुविधा र अवसर संस्थागत विद्यालय र सामुदायिक विद्यालयप्रति समान हुनुपर्ने धारणा राख्नुभयो। गुणस्तरीय र व्यवहारिक शिक्षा सहजीकरणका लागि स्थानीय तहको भूमिका रहने उल्लेख गर्नुहुँदै सुवेदीले भन्नुभयो, "निजी विद्यालयका विद्यार्थी विवरण संकलन गर्न समेत स्थानीय तह सक्षम हुन सकेको छैन। सामुदायिक विद्यालय सरकारबाट परिचालन तथा संचालन हुने भएकाले उनीहरुको हकमा विद्यार्थी विवरण प्रष्ट देखिन्छ।"

संस्थागत विद्यालय आफ्नै स्रोत र साधनबाट संचालन हुने भएकाले सरकारले नियमन गर्न पनि सकिरहेको अवस्था भने छैन। जसलाई आफूले स्वीकार्ने बताउनुहुँदै संस्थागत विद्यालयको अनुगमन, नियमन र व्यवस्थापन गर्न जरुरी रहेको सुवेदीले बताउनुभयो। हेटौंडा उपमहानगरलाई बालमैत्री शासनयुक्त पालिका घोषणाको तयारीमा रहेको छ। तर सामाजिक सञ्जालप्रति बालबालिकाको आकर्षण बढेसँगै उपमहानगरलाई चुनौति देखिएको छ। अध्यक्ष सुवेदीले भन्नुभयो, "सामाजिक सञ्जाल सुविधायुक्त

...बाँकी पृष्ठ ३ मा

# ट्र्याक्टर पल्टिँदा अर्यालको मृत्यु

समाज संवाददाता

**हेटौंडाः धादिङ जिल्लाको थाक्रे गाउँपालिका-२, सिममा ट्र्याक्टर अनियन्त्रित भई सडकमा पल्टिँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा थाक्रे गाउँपालिका-३, माल्डुङका ६० वर्षीय रामप्रसाद अर्याल रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।**

**बुधबार दिउँसो २ बजेर ३० मिनेटको समयमा भित्री कच्ची सडकखण्डको माल्डुङबाट महादेववेसी आउँदै गरेको प्र २-०३-००१ त ४३१९ नम्बरको खाली ट्र्याक्टर आफैं अनियन्त्रित भई पल्टिएको ट्र्याक्टरले च्याप्दा अर्यालको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएको प्रहरीले जनाएको छ। ट्र्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जानकारी दिएको छ।**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौ र सुनाऔं

The Voice of Community

# हेटौंडाका ३२ वटा निजी विद्यालयमा परीक्षा सकियो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाका १६ वटा निजी विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सुरु भएको छ। प्याब्सनमा आबद्ध भएका ४८ वटा निजी विद्यालयहरु मध्ये ३२ वटा विद्यालयको असार मसान्तमा परीक्षा सकिएको छ। बाँकी १६ वटा विद्यालयको परीक्षा भइरहेको निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभयो।

वर्षमा ४ पटक परीक्षा हुने विद्यालयको असार मसान्तमा परीक्षा सकिएको हो। वर्षमा ३ पटक परीक्षा हुने विद्यालयको बुधबारबाट परीक्षा सुरु भएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो। प्याब्सनको शैक्षिक क्यालेण्डरअनुसार परीक्षा हुने गरेको अध्यक्ष सुवेदीले बताउनुभयो। असारमै परीक्षा सकिसकेको विद्यालयमा भने पठनपाठन सुरु भइसकेको छ। अहिले परीक्षा भैरहेको विद्यालयको परीक्षा सकिएपछि एक हप्ता विद्यालय बन्द रहने र भदौबाट नियमित पढाई सुरु हुने अध्यक्ष सुवेदीको भनाइ छ। परीक्षाको नतिजा विद्यालयले आफ्नो समयमा प्रकाशन गर्ने छन्। यस्तै उपमहानगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा परीक्षा सकिएको छ। साउन ९ गते परीक्षा सकिएका विद्यालयमा साउनको २७ गतेबाट पठनपाठन हुनेछ भने साउन १६ गतेबाट परीक्षा सकिएका विद्यालयमा भदौको ३ गतेबाट पठनपाठन शुरु हुनेछ।



## सम्पादकीय

# स्तनपानमा प्रतिबद्ध बनौं

हरेक वर्ष अगस्त महिनाको १ तारिखदेखि ७ तारिखसम्म विश्व स्तनपान सप्ताह मनाइन्छ । यस वर्ष पनि साउन १६ गते मंगलबारबाट स्तनपान सप्ताह सुरु भएको छ । मकवानपुरमा पनि विभिन्न कार्यक्रम गरी विश्व स्तनपान सप्ताह मनाइँदैछ । स्तनपानको महत्वबारे जानकारी दिन एक सातासम्म विविध कार्यक्रमको आयोजना गरिँदैछ । यस वर्ष "स्तनपान गरौं , काम गरौं" भन्ने नारासहित विश्वभर यो दिवस मनाइँदैछ । नेपालमा पनि 'स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितता, सबै सरोकारवालाहरूको प्रतिबद्धता' भन्ने नाराका साथ दिवस मनाइँदै आएको छ । यस वर्षको स्तनपान दिवसको नाराले कार्यस्थलमा स्तनपानका लागि सुरक्षित वातावरण निर्माण गर्ने र स्तनपान गराइरहेका आमाका लागि बिदाको व्यवस्था गर्ने आवश्यकताबारे जोड दिएको छ । विश्व स्वास्थ्य संगठन र युनिसेफले सरकार र रोजगारदातालाई आमाहरूलाई स्तनपान गराउन आवश्यक समय, ठाउँ र समर्थन प्रदान गर्ने परिवार अनुकूल नीति लागू गर्न आह्वान गर्दै आएको छ ।

स्तनपान सप्ताहभर स्तनपानको महत्वबारे सचेत गराउन, शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने संख्या बढाउन र स्तनपान नगराउँदा हुने समस्याबारे सचेत गराउन जनचेतनामूलक कार्यक्रम भइरहेका छन् । सन् १९९२ देखि नेपालसहित विश्वभर यो दिवस मनाउन सुरु गरिएको हो । नेपालमा स्वास्थ्य मन्त्रालय, प्रदेशका स्वास्थ्य निर्देशनालय तथा जिल्ला स्वास्थ्य कार्यालयसहित स्थानी तहका स्वास्थ्य केन्द्र/चौकीमार्फत् स्तनपान सप्ताहमा कार्यक्रमहरु भइरहेका छन् । विभिन्न स्थानीय तहमा रहेका स्वास्थ्य स्वयमसेविकासँग छलफल गरिएको छ । मकवानपुर जिल्लामा यो सप्ताह १ सय ८ स्वास्थ्य संस्था र १० पालिकाले मनाइरहेका छन् ।

स्तनपानको प्रचलन कहिलेदेखि सुरु भयो भन्ने कुनै प्रमाणित तथ्यहरु छैन । स्तनपानलाई शिशुको सबैभन्दा पुरानो आहार मान्न सकिन्छ । यसलाई पहिलो खोपसमेत भन्ने गरिन्छ । दूधमा रोग निरोधक तत्व हुन्छ, जसले नवजात शिशुको रोगसँग लडनसक्ने क्षमता विकसित गर्न मद्दत गर्दछ । चिकित्सकका अनुसार शिशुलाई जन्मेको एक घण्टामा स्तनपान गराउनुपर्छ । ६ महिनामुनिका शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमै पर्याप्त रहेको हुन्छ । आमाको दूध शिशुको लागि सर्वोत्तम आहार हुने र यसले शिशुको रोगसँग लडनसक्ने क्षमतालाई पनि बढाउने चिकित्सकको भनाइ छ । स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघर क्यान्सर हुने जोखिमलाई कम गर्ने गर्दछ ।

स्तनपान शिशुका लागि अपरिहार्य भए पनि कतिपय शिशुहरु आमाको दूध खानबाट वञ्चित भइरहेका छन् । शिशुलाई पूर्ण स्तनपान नगराउँदा कुपोषणको समस्या पनि देखिने गरेको छ । स्तनपान गराउनुपर्छ भन्ने ज्ञान हुनेहरुले पनि पाउडर तथा अन्य कृत्रिम दूध खुवाउने प्रचलन बढ्दै गएको छ । स्तनपानको अभावमा बच्चामा स्याउटेपनको समस्यामात्रै होइन, विभिन्न रोगको संक्रमण हुने खतरा पनि बढिरहेको हुन्छ । महिलाले आफ्नो स्वास्थ्य बिग्रन्छ भन्ने गलत मान्यताले बच्चालाई स्तनपान नगराउँदा आमा र शिशु दुबैलाई घाटा हुनेतर्फ सबै जना जानकार हुनुपर्छ । शिशुका लागि स्तनपान गराउन सबै आमा र सम्बद्ध पक्ष जागरुक र प्रतिबद्ध बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

मेष : पढाई-लेखाईमा मिहिनेत गर्नुपर्ला ।
वृष : वैदेशिक प्रयोजनका काममा मन जाने छ ।
मिथुन : अध्ययन-अध्यापनका कामहरु ठिकै रहलान् ।
कर्कट : कला र साहित्यमा झुकाव बढ्ने योग छ ।
सिंह : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
कन्या : वैदेशिक योगमा बाधा व्यवधान कारक छ ।
तुला : पठनपाठनका काममा ध्यान केन्द्रित नहोला ।
वृश्चिक : धार्मिक तथा सामाजिक काममा सरिक ।
धनु : खर्च बढ्नाले मन खिन्न हुने समय छ ।
मकर : शत्रुहरुसँग सजगता अपनाउँदा राम्रो ।
कुम्भ : परोपकारजन्य काममा सेवाभाव बढ्ने छ ।
मीन : धार्मिक र सामाजिक काममा सरिक भइएला ।

# संघीय कृषि ऐनको प्रस्ताव कस्तो छ ?



✍कुबेरराज जैशी

जीवन्त लोकतान्त्रिक व्यवस्थामा स्वतन्त्र न्यायपालिका अनिवार्य सर्त हो । एक निष्पक्ष र स्वतन्त्र न्यायपालिकाले मात्र व्यक्तिको अधिकारको रक्षा गर्न र डर वा पक्षपातविना न्याय प्रदान गर्न सक्षम रूपमा खडा हुन सक्छ ।

न्यायपालिका सरकारको तेस्रो अङ्ग हो, जसले नागरिकका हक, अधिकारको रक्षा, संविधानको व्याख्या तथा विवादहरूको समाधान गर्दछ ।

स्वतन्त्र न्यायपालिकाको विचार प्रवर्द्धन गर्ने पहिलो दार्शनिक मोन्टेस्क्युले पनि सरकारका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको शक्ति पृथकीकरण भन्ने सिद्धान्तमा विश्वास गरेका थिए। सरकारका यी तीनमध्ये एकले अर्काको काम-कारबाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने उनको सिद्धान्त विश्वभरि लोकतान्त्रिक मुलुकमा लागू भएको पाइन्छ। लोकतान्त्रिक मुलुकमा न्यायपालिकालाई धेरै नै महत्त्व दिइन्छ । लोकतान्त्रिक राजनीतिमा राज्यको सर्वोच्च शक्ति तीनवटा प्रमुख अङ्गहरूबीच बाँडफाँड गरिएको हुन्छ ।

कुनै पनि राजनीतिक दबाबबाट न्यायपालिका स्वतन्त्र हुन आवश्यक छ । निष्पक्ष न्यायका लागि न्यायपालिकाको स्वतन्त्रता महत्वपूर्ण हुन्छ । न्यायपालिकाको काम-कारवाहीमा व्यवस्थापिका वा कार्यपालिकाको हस्तक्षेप हुनुहुँदैन । न्यायपालिकाको स्वतन्त्रता संविधानको आधारभूत विशेषता हो ।

**नेपालमा न्यायपालिकाको अवधारणा**

लामो समयको शान्तिपूर्ण र सशस्त्र आन्दोलनपछि मुलुकमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था स्थापित भएको अनुभूति जनताले महसुस गरेका छन् । लोकतन्त्रको प्रमुख सर्त भनेको स्वतन्त्र र सक्षम न्यायपालिका नै हो । संविधानसभाद्वारा निर्माण गरिएको हाम्रो संविधानले पनि न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाउन हर प्रयास गरेको देखिन्छ। संविधानको प्रस्तावनामै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका भनेर उल्लेख गरिएको छ ।

नेपालको संवैधानिक इतिहास २००४ सालसम्म पुग्छ । राणा शासन जीवितै रहेकाले २००७ सालसम्म न्यायपालिकाको परिकल्पना नगरिएको अवस्थामा स्वतन्त्र न्यायपालिका टाढाको विषय थियो, तर पनि २००४ सालको वैधानिक कानुनको भाग ५ मा न्यायप्रबन्ध सम्बन्धी व्यवस्था गरिएको थियो । उक्त कानुनको धारा ५३ मा व्यवस्था थियो – नेपालमा एक प्रधानन्यायाधीश रहनेछ, जसमा एक प्रधानन्यायाधीश र अरू १३ न्यायाधीश नबढाई श्री ३ महाराजबाट आवश्यकता अनुसार समय समयमा भर्ना गरिबक्सनेछ ।

त्यसपछि अन्तरिम शासन विधान ऐन, २००७ आयो । यसको धारा ३२ मा नेपालमा एक प्रधान न्यायालय रहनेछ भनेर व्यवस्था गरिएको थियो । यसपछि प्रधानन्यायालय ऐन २००८, सर्वोच्च अदालत ऐन २०१३ र नेपाल अधिराज्यको संविधान २०१५ आयो । यस संविधानको भाग ६ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरिएको थियो । यस्तै, नेपालको संविधान, २०१९ को भाग ११ मा सर्वोच्च अदालतको व्यवस्था गरिएको थियो ।

बहुदलीय व्यवस्था आएपछि नेपाल अधिराज्यको संविधान, २०४७ बन्यो । जसको भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था र धारा ८५ मा नेपाल अधिराज्यका अदालत तीन तहका रहनेछन् भन्ने व्यवस्था थियो । यस्तै, धारा ९३ मा न्यायपरिषद् र धारा ९४ मा न्याय सेवा आयोगको समेत व्यवस्था गरिएको थियो ।

०६२/६३ को आन्दोलनपछि नेपालको अन्तरिम संविधान २०६३ ल्याइयो । यसको भाग १० को दफा १०० मा नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ भन्ने व्यवस्था थियो ।

यस संविधानको धारा १०३ मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिस समा सर्वोच्च अदालतको प्रधानन्यायाधीश र प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति गर्न सक्ने व्यवस्था थियो ।

न्यायपालिकाको वर्तमान अवस्था

लामो सङ्घर्षपछि संविधानसभाद्वारा निर्माण गरिएको नेपालको संविधानको भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरिएको छ । जसअन्तर्गत नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत वा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ । यस्तै तीन तहका अदालत (सर्वोच्च, उच्च र जिल्ला अदालत) रहने व्यवस्था छ । धारा १२८ को उपधारा ४ मा भनिएको छ, 'मुद्दा-मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालना गर्नुपर्नेछ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कार बाही चलाई सजाय गर्न सक्नेछ ।'

यस्तो लेखिए पनि अहिलेको अवस्थामा अदालतले दिएको आदेश मान्दिनँ भनेर जवाफ दिइरहेका पनि भेटिए, यसले ठाडो रूपमा न्यायपालिकाको गरि मामाथि प्रश्न उठ्छ । संविधानको धारा १२९ मा नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति तथा योग्यतासम्बन्धी व्यवस्था गरिएको छ, जसअन्तर्गत सर्वोच्च अदालतमा नेपालको प्रधानन्यायाधीश अतिरिक्त २० जना न्यायाधीश रहने प्रावधान छ । उक्त धाराको दफा २ मा संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको र न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ ।

अहिलेको अवस्थामा मुख्य प्रश्न नै न्यायाधीश नियुक्तिको छ, किनकि न्यायाधीश नियुक्तिको विषयलाई हेर्दा २०४७ पछिदेखि अहिलेसम्म राजनीतिक भागवन्डाका आधारमा हुने गरेको देखिन्छ, जबकि न्यायाधीश नियुक्त नै राजनीतिक भागबन्डाबाट हुने हो भने स्वच्छ र निष्पक्ष न्यायको कल्पना कसरी गर्न सकिएला ? यसबाट प्रस्ट हुन जान्छ, न्यायपालिका राजनीतिक अखडा भइसकेको छ ।

वरिष्ठ अधिवक्ता राजनीतिक दलको सिफारिसमा हुने, वरिष्ठ अधिवक्ताको उपाधि लिन तथा न्यायाधीशमा नियुक्त हुन पार्टीको शरणमा पुग्नुपर्ने, पार्टीलाई रिझाउनुपर्नेजस्ता परिपाटीले न्यायपालिकाको अस्तित्व माथि प्रश्न उठेको छ । विधिको शासनले मात्र स्वतन्त्र न्यायपालिकाको साख जोगाउन सक्छ, तर उच्च पदस्थमा रहेका व्यक्ति नै ऐन-कानुनभन्दा बाहिर रहेर आफ्नो स्वार्थ अनुकूल काम गर्ने गर्छन् । केही यस्ता समस्या, जसले न्यायपालिकाको जनविश्वास घटेको देखिन्छ ।

प्रधानन्यायाधीश सुशीला कार्कीलाई राजनीतिक पूर्वाग्रहका आधारमा महाभियोग लगाउनु, प्रधानन्यायाधीश गोपाल पराजुलीको जन्ममिति विवादलाई समयमै निर्क्योल गर्न नसक्नु र केही समयअघि तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेरको मुद्दालाई छिटो छिनोफानो गर्न नसक्नु आदि यसका उदाहरण हुन् । न्यायाधीश नियुक्तिमा ढिलाइ, न्यायिक कार्यमा ढिलाइ, फौजदारी मुद्दाको अनुसन्धानमा कमजोरी, न्यायसम्पादनमा समस्याजस्ता विभिन्न समस्या देखापरेका छन् । जसले गर्दा सबल र उचित रूपमा जनताले न्यायको अनुभूति गर्न सकेका छैनन् । राजनीतिक दबाव, प्रभावले गर्दा न्यायपालिकामा बिचौलियाको प्रवेश देखिएको छ ।

कानुनको अनभिज्ञता क्षम्य हुँदैन भनेर सिद्धान्तमा भनिएको छ, तर हाम्रो वास्तविकतालाई हेर्ने हो भने अधिकांश जनसमुदायलाई आफ्नो हक-अधिकारका बारेमा थाहा छैन, के-कस्ता कानुन बने, के कस्ता कानुनी व्यवस्था छन् भन्नेबारे जनता अनभिज्ञ रहेको देखिन्छ । त्यसैले परम्परागत कानुनी व्यवस्थाभन्दा पृथक् हुँदै कानुनमा समसामयिक परिमार्जन, सरल कार्यविधि निर्माण, न्याय प्रणालीमा शुद्धीकरणजस्ता विषय अपरिहार्य छ ।

निष्कर्ष

संविधान, न्याय र कानुनका मान्य सिद्धान्त अनुसार स्वच्छ र निष्पक्ष न्याय प्रदान गर्नु नै न्यायपालिकाको परिलक्ष्य हो। कानुनको शासनसँगै मानव अधिकारलाई जीवन्तता प्रदान गरी सबै जनतामा न्यायको अनुभूति प्रदान गर्न सक्ने स्वतन्त्र, सक्षम, मितव्ययी, पहुँचयोग्य र जनविश्वास प्राप्त गर्न सक्ने किसिमको न्यायपालिकालाई न्यायपालिकाको परिदृश्यका रुपमा हेर्न सकिन्छ । न्यायपालिकाको जग भनेकै जनताको आस्था र विश्वास हो। जनताको आस्था र विश्वासमा अलिकति पनि विचलन भएमा न्यायपालिका डगमगाउन सक्छ र कमजोर बन्छ ।

न्यायपालिका कमजोर हुँदा दण्डहीनता मौलाउँछ, जनताका मौलिक हक अराजक स्थितिमा पुग्न सक्छन्। त्यसैले न्यायपालिका स्वतन्त्र, सक्षम र विवादरहित बन्नुपर्छ । न्यायपालिकाको स्वतन्त्रतामा कुनै पनि प्रकारको प्रश्न खडा हुनु हुँदैन ।

न्यायालयमा परेको राजनीतिक प्रभाव, न्यायालयमा राजनीतिक भागवन्डा, पेसी व्यवस्थापनमा ढिलाइ, मुद्दाको चाङ धेरै हुनु, न्यायालयमा भ्रष्टाचार, विकृति, अनियमितता आदि अहिलेका मुख्य समस्या हुन् । यी तमाम समस्यालाई उजागर गरी समय सुहाउँदो न्यायप्रणाली कायम गर्न अर्थात् स्वच्छ, निष्पक्ष, सबल, सक्षम न्याय प्रदान गर्न आवश्यक छ ।

*(लेखक जैसी कानुनका विद्यार्थी हुन्)*
*(स्रोतः रातोपाटी)*

# लघुवित्तपीडितका समस्या र सम्बोधनका उपाय

✍विष्णुप्रसाद पाठक

लघुवित्तपीडितहरूले लघुवित्तविरुद्ध गरेको संघर्ष १७ महिनाभन्दा बढी हुन लाग्यो । तर, यो संघर्ष समितिले उठाएका मागउपर सरोकारवालाले उचित छलफल नगरेको संघर्ष समितिको आरोप छ । लघुवित्तपीडितको संख्या ऋण नतिर्नेहरूको सानो समूह हो र केही व्यक्तिले अनियमित तरिकाले रकम असुलेर भाँजो हालेका हुन् भनेर लघुवित्तकर्मीहरूले भने तापनि संघर्षमा सहभागी हुनेहरूको संख्या दिनपर दिन बढ्दै गइरहेछ ।

देशका विभिन्न क्षेत्रमा लघुवित्तकर्मीहरूको निषेधित क्षेत्र भनेर सूचनासमेत टाँस गरेको पाइन्छ । अहिले त माग पूरा नभए लघुवित्तका कर्मचारीलाई कारबाही गर्ने र लघुवित्तका शाखा जलाउने चेतावनी दिइरहेका छन् । आखिर यिनीहरूले माग के हो ? यिनीहरूले किन यी माग उठाइरहेका छन् ? के यी माग जायज हुन् ? यिनीहरूले उठाएका मागको सम्बोधन हुन सक्छ त ? लघुवित्तपीडितले उठाएका माग छलफल गर्न जरुरी भएकाले यस लेखमा केही सुझाव उल्लेख गरिएको छ, जुन लघुवित्तकर्मी, लघुवित्तपीडित, नियमन गर्ने नेपाल राष्ट्र बैंक र नेपाल सरकारको सम्बन्धित निकायलाई उपयुक्त नलागन पनि सक्छ । तर, यसले निकासको बाटो खोल्न सहयोग भने अवश्य पुग्छ ।

लघुवित्त के हो र किन ?

लघुवित्त भन्नाले विपन्न विशेष गरी बैंक तथा वित्तीय सेवाबाट सेवा पुग्न नसकेका वर्गहरूका लागि ससाना बचत, ऋण, लघुबिमा तथा वित्तीय भुक्तानी सेवामा पुर्‍याउँ पुऱ्याई उनीहरूको जीवनस्तर मा सुधार ल्याई गरिबी निवारणमा सहयोग गर्नु हो । लघुवित्तले विनाधितो घरघरमै विपन्न वर्गमा वित्तीय सेवा प्रदान गर्छ । यसबाट बैंक तथा वित्तीय संस्थाबाट ऋणमा पहुँच नभएकाहरूले ऋण प्राप्त गर्न सक्छन् र साहू-महाजनको चर्को ब्याजबाट मुक्त हुन्छन् । यस्तो राम्रो उद्देश्य भएको लघुवित्तमा समस्या किन आयो त ?

**समस्याका कारण**

लघुवित्तपीडितको भनाइअनुसार समस्याका कारणहरू निम्न छन्

१. नाफाका लागि एकभन्दा बढी लघुवित्त संस्थाले लगानी गरिएबाट हामीलाई ऋणको भार धेरै बोकाइयो र हामी ऋण तिर्न नसक्ने अवस्थामा छौं ।

२. भुईंचालो र कोरोनाको कारणबाट व्यवसाय बन्द भई ऋण तिर्न नसकेको अवस्थामा लघुवित्त संस्थाले तिर्न बाँकी साँवा तथा ब्याजलाई गाभी नयाँ ऋण बनाएबाट ऋणको ब्याज २४ प्रतिशतसम्म पुग्न गएकाले ऋण तिर्न सक्ने अवस्था नभएको ।

३. ऋण लिंदा एक किस्ताबराबरको रकम, बिमाको रकम, र सेवाशुल्क भनी ऋणको करिब १५ प्रतिशत रकम कट्टा गर्ने गरिएबाट ऋणको ब्याज २४ देखि ३६ प्रतिशतसम्म पर्न गएको ।

४. कुनै किस्ता कुनै आपत् पर्न गएका कारण ढिलो भएमा घरमा ताला लगाउने, ऋणीको अस्मितामा नै प्रभाव पार्ने गरी अपशब्द बोल्ने तथा गाई/ भैंसी/ बाखा लाने गरी लघुवित्तका कर्मचारीले ज्यादती गर्ने गरी कैयौं सदस्य/ऋणी घर बस्न नसक्ने अवस्थामा पारेको ।

लघुवित्त संस्थाका अनुसार लघुवित्तपीडित संघर्ष समिति स्थापना हुनुका कारण

१. यो संघर्ष समिति ऋण नतिर्नेहरुको सानो जमात हो। ऋण मिनाहा गरिदिन्छु भनि अनियमित तरिकाले केही शुल्कसम्म उठाइएकाले यो समस्या परेर गठन भएको संघर्ष समिति होइन ।

२. लघुवित्त प्रणालीमा कर्जा सूचना केन्द्र प्रभावकारी नभएर (अहिले भइसकेको छ) र ऋणीले अन्य लघुवित्तसँग ऋण नलिएको भनेको हुनाले एकै जनालाई धेरै संस्थाबाट ऋण प्रवाह भएकाले बढी ऋण प्रवाह भएको हो । यसलाई आगामी दिनमा हुन दिइँदैन ।

**माग केके छन् त ?**

लघुवित्त संघर्ष समितिले पाँचवटा माग राखेका छन्:

१. लघुवित्त संस्था गरिबी निवारण गर्न भनेर खोले तापनि लघुवित्तका सदस्यहरूको आजसम्मको अवस्था हेर्दा लघुवित्त संस्थाहरू नवसामन्तीको रूपमा देखिएकाले यी संस्था खारेज गरिनुपर्छ ।

२. लघुवित्तले विभिन्न माध्यमबाट लिएका शुल्कहरूको हिसाब गर्दा कायम तोकिएभन्दा बढी परेकाले सामूहिक जमानीमा प्रवाह भएका लघुवित्तको ऋण सबै मिनाहा हुनुपर्छ ।

...बाँकी पृष्ठ ३ मा

# हामीले नतिजा हेर्ने हो

मकवानपुरका १० वटा पालिकाले गत आर्थिक वर्षमा १ अर्ब ४ करोड रुपैयाँ आन्तरिक आय संकलन गरेको छ । मकवानपुरको मात्रै नभई देशभरका पालिका आफ्नो सञ्चालन खर्च समेत आन्तरिक आम्दानीबाट व्यवस्थापन गर्न सक्ने अवस्थामा छैन । अझ गम्भीर विषय त आन्तरिक आय बढाउने उचित रणनीति र योजना बनाउनतर्फ पालिकाहरु जिम्मेवार देखिँदैन । यसै सन्दर्भमा सहरी विकास, सुशासन तथा योजना विज्ञ बीके महर्जनसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको अन्तरवार्ता:



**बिके महर्जन**
**सहरी विकास, सुशासन तथा योजना विज्ञ**

*समाजः स्थानीय तहहरुले आफ्नो क्षेत्रको समग्र विकासमा, सुशासनमा र आफ्नो आवश्यक योजनाहरुमा जुन काम गरिरहेको छ, त्यो कति सकारात्मकरुपमा बुझ्न सकिन्छ ? कसरी काम गरिरहेको बुझ्न सकिन्छ ?*
**महर्जन**: विगत ५ वर्षलाई हेर्दा अधिकांश पालिकाहरु वार्षिक योजनामा सीमित भएको देखिन्छ । जबकि कानुनले मध्यकालिन र दीर्घकालिन योजनासहित जानुपर्छ भनेर मार्गदर्शन गरेको छ । विकासलाई नजिकबाट बोक्ने, स्वीकार्ने जनताको चेतना अथवालाई तयारी गर्ने काम जुन सामाजिक क्षेत्रले गर्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, युवा जस्ता सामाजिक क्षेत्र लगायतका क्षेत्रहरुमा असाध्यै कम लगानी भएको देखिन्छ भने भौतिक विकासमा अत्याधिक लगानी भएको देख्न सकिन्छ । २०७८ को जनगणनाले ३६ वटा जिल्लामा जनसंख्याको ऋणात्मक प्रभाव पारेको देखाएको छ । भैतिक विकासले मात्र नागरिकहरु गाउँमा अथवा एक ठाउँमा बसिएको देखिएन उनीहरु बसाई सरेर गएको देखियो । स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रको अभावमा नै गाउँ छाडेको देखिन्छ । बाटो-घाटोले मानिसलाई टिकाउन सकिएन । यो वास्तवमा असन्तुलित विकास हो ।

*समाजः हिजोको गलत प्रवृत्तिलाई सच्याएर व्यवस्थित ढङ्गले स्थानीय सरकार जिम्मेवार भएर काम गर्ने सम्भावनालाई कति आशा गर्न सकिन्छ ?*
**महर्जन**: विगतका कमि-कमजोरीहरुलाई सुधारेर जानका लागि पालिकाहरुले यो वार्षिक नीति तथा कार्यक्रमको परिमार्जन गरेर ५ वर्षको दीर्घकालिन सोँचलाई आत्मसाथ गरेर जान सक्यो राम्रो हुनेछ । यसका लागि पालिकाहरु अथवा अरु संस्थाहरुले आवधिक योजना, रणनीतिक क्षमता सुधार्नमा काम भैरहेको अवस्था देखाउँछ । अर्को भनेको आन्तरिक श्रोतमा पालिकाहरु कमजोर छ । जम्मा बजेटमा ६.२२ प्रतिशत मात्र आफ्नो प्रयोग भएको पाईन्छ ।

*समाजः आन्तरिक आयका श्रोतहरुमा पालिकाको कतिको ध्यान पुगेको देख्नुहुन्छ ? के कुरामा बढि ध्यान दिनु पर्ने हुन्छ ?*
**महर्जन**: आन्तरिक श्रोतमा मुलतः दुईवटा क्षेत्रमा हामीले हेर्ने हो । एउटा कर राजस्व र गैर कर राजस्व । यसमा पालिकाहरुले कर राजस्वमा कम काम गरेको छ भने गैर कर राजस्वमा बढि काम गरेको देखिन्छ । यसको कारणले पालिकाहरु आवस्था कमजोर छ । अनुमान गरे अनुरुप अर्कौ नतिजा देखिन्छ । गैर कर राजस्व भनेको अस्थायी श्रोत भएको हुँदा बजेट जोखिममा छ ।

*समाजः संघीय सरकारले स्थानीय सरकारहरुलाई सवलीकरण गर्न के गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ ?*
**महर्जन**: यसमा हाम्रो संघीयता कार्यान्वयन गर्न तयार गरेका कानुनी संरचनाहरु छन् । जसमा हामीले स्थानीय शासन सञ्चालन ऐन २०७४, प्राकृतिक श्रोतसम्बन्धी ऐन र अर्को अन्तरसरकारी वित्त व्यवस्थापन ऐन छ । यसमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बनाउँदा ठूलो षडयन्त्र भएको देखिन्छ । जिम्मेवारी स्थानीय र प्रदेशमा फरक फरक छ तर अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले देशको श्रोतलाई व्यवस्थापन गर्दा केन्द्रिय कोषमा जम्मा हुने पैसा विभाजन गर्दा संघले ७० प्रतिशत पाउने बाँकी ३० भित्र १५ प्रतिशत प्रदेशलाई १५ प्रतिशत स्थानीयलाई दिने नियम बनायो यो विभेदपूर्ण देखिन्छ । पछि संशोधन गरेर ५० प्रतिशत संघले पाउने र २५/२५ प्रतिशत प्रदेश र स्थानीय तहले पाउने व्यवस्था गरिएको छ । यदि यसलाई ५० प्रतिशतमा ल्याउन सकियो भने संघप्रतिको आवद्धता घट्छ र आफ्नो विकासतर्फ अधिकार प्रयोग गर्न सक्षम हुने देखिन्छ ।

*समाजः मकवानपुर जिल्लाका पालिकाहरुले कति सक्षम ढङ्गले काम गरेको देख्न सकिन्छ ?*
**महर्जन**: काम त सबैले गरिरहेका छन् । हामीले नतिजा हेर्ने हो । देशले अंगिकार गरेको विकासका चरणहरु छन् । जस्तो सन् २०३० सम्ममा हामीले दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने छ । त्यो लक्ष्यतर्फ हाम्रो सरकार उन्मुख देखिँदैन । हेटौँडाको आन्तरिक श्रोत अहिले करिब ३१ करोडको हाराहारीमा भएको देखिन्छ तर समाचारमा हेर्दा यसको सञ्चालन खर्च ३४ करोड आएको देखिन्छ । आफ्नो श्रोतले चलाउन सक्ने अवस्थामा पुग्यो भने बल्ल हामी स्वतन्त्र सरकार भन्छै अन्यथा यो परनिर्भर छ ।

## लघुवित्तपीडितका...

३. विपन्न र गरिबीको जीवनस्तर उठाउन सरकारले निःशुल्क ऋणको व्यवस्था गर्नुपर्छ ।

४. विपन्न र गरिबको आवश्यकता तथा क्षमताका आधारमा काम र दामको व्यवस्था गर्नुपर्छ ।

५. समाजवादी अर्थतन्त्रको व्यवस्था गर्नुपर्छ ।

लघुवित्त संघर्ष समितिले संघर्ष सुरु गरेपछि नियमन निकाय नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरेर केही नयाँ व्यवस्था गरेको छ-

१. धितो वा बिनाधितोमा सदस्यहरूलाई प्रदान गरिने कर्जाको अधिकतम सीमा ७ लाखसम्म हुने ।

२. एक ऋणीलाई एकभन्दा बढी लघुवित्त संस्थाबाट कर्जा प्रवाह गर्न नपाइने ।

३. 'क', 'ख', 'ग' वर्गबाट कर्जा लिएकाहरूले लघुवित्तबाट कर्जा नपाइने ।

४. लघुवित्त संस्थाले १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्न नपाइने । बढी गर्नुपरेमा १५ प्रतिशतभन्दा बढी गरिएको रकमको ५० प्रतिशत जगेडा कोषमा, १५ प्रतिशत ग्राहक संरक्षण कोषमा र १० प्रतिशत सामाजिक कोषमा राख्नुपर्ने ।

५. कर्जाको अधिकतम ब्याजदरको ५० प्रतिशत हुने गरी बचतमा न्यूनतम ब्याजदर तोक्नुपर्ने ।

६. नयाँ एवम् पुराना कर्मचारीलाई अनिवार्य तालिम दिइनुपर्ने ।

समस्या सम्बोधन गर्न के गर्ने ?

लघुवित्त संघर्ष समितिका माग सम्बोधन गर्न नियमन निकाय नेपाल राष्ट्र बैंकले वर्तमान नियमनमा केही परिवर्तन गरेर सम्बोधन गर्ने प्रयास गरेको छ । लघुवित्त संस्थाहरूले पनि कर्जा सूचना प्रणाली व्यवस्थित गरी एकभन्दा बढी संस्थाबाट ऋण प्रवाह नगर्ने, प्रतिऋणी अधिकतम ७ लाखभन्दा बढी कर्जा प्रवाह नगर्ने र कर्जाको अधिकतम ब्याजको न्यूनतम ५० प्रतिशत बचतमा ब्याज दिने कार्य सुरु गरिसकेका छन् तर लघुवित्त संघर्ष समितिको आन्दोलन दिनपरदिन बढ्दै गई लघुवित्त संस्था र कर्मचारीको सुरक्षामा प्रश्न उठ्न गई लघुवित्तकै भविष्य अन्योल देखिएको छ । यस समस्यालाई सम्बोधन गर्न निम्न थप उपायहरू तत्काल गर्न जरुरी देखिन्छ-

१. लघुवित्तविरुद्ध गठन गरिएको संघर्ष समिति, अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, लघुवित्त संघहरू र लघुवित्त प्राज्ञिकहरूको प्रतिनिधित्व रहने गरी नेपाल सरकारले कार्यदल गठन गर्ने र उक्त कार्यदलले लघुवित्त संघर्ष समितिले उठाएका मागबारेमा विस्तृत छलफल गरी सुझाव तयार गरेर नेपाल सरकारलाई दिने ।

२. कार्यदलले लघुवित्तलाई अहिलेको प्रणालीबाट चलाउन केके संशोधन गर्ने हो, सो यकिन गर्ने । यदि वर्तमान लघुवित्त प्रणाली परिवर्तन गरी विश्वमा अन्य ठाउँमा सफल रूपमा सञ्चालन भएको अन्य कुन अर्को प्रणालीबाट दीर्घकालीन र गुणात्मक समावेशी वित्तीय सेवा सञ्चालन गर्नुपर्ने देखिएमा आवश्यक ठोस सुझाव दिने ।

उपर्युक्त सुझावहरू आउन र कार्यान्वयनमा जान समय लाग्ने भएकाले तत्काल लघुवित्त संस्थाहरूले गर्नुपर्ने कार्यहरू :

१. लघुवित्त संस्थाहरूले सदस्य अन्तर्क्रिया कार्यक्रमलाई तदारुकताका साथ सञ्चालन गर्ने र प्रत्येक सदस्यको गुनासो नियमित सुन्ने व्यवस्था गर्ने तथा नेपाल राष्ट्र बैंकमा सदस्यको गुनासो पुऱ्याउन मद्दत गर्ने ।

२. ऋण बढी प्रवाह भई वा अन्य जायज कारणबाट ऋण तिर्न नसकेका ऋणीहरूसँग सम्पर्क गरी उनीहरूबाट केकसरी ऋण असुल हुन सक्छ सोबारे ऋणीसँग नै व्यक्तिगत तवरमै छलफल गर्ने ।

३. परियोजना नभएका र कुनै आयस्रोत नभएकाहरूका लागि जायज र आवश्यक देखिएमा ऋण तिर्ने सर्तमा विभिन्न ब्याज राहतको व्यवस्था गर्ने र साँवा ऋणको पुनर्तालिकीकरण गरी ऋणीले तिर्न सक्ने गरी ऋणको नयाँ किस्ता बनाउने । बचतको हकमा नियमित बचतबाहेकका सबै अन्य बचतबाट कर्जा कट्टा गर्ने र कर्जा नभएकाको बचत फिर्ता गर्ने ।

राजनीतिक नेतृत्व तथा अर्थतन्त्रका जानकारहरू अबको आर्थिक नीति दोस्रो चरणको सुधारमा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याइरहेका छन् । तथापि, दोस्रो चरणको आर्थिक सुधारका क्षेत्र, नीति/रणनीति, अवधारणा के-कस्तो हुने भन्नेबारे अहिलेसम्म पर्याप्त खोज-अनुसन्धान तथा विचार-विमर्श भएको देखिँदैन । *(स्रोतः कारोबारदैनिक)*

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np


# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

## आँखा पाक्ने रोग सम्बन्धी जानकारी

आज भोलि समुदायमा आँखा पाक्ने रोग (ऋयलवगलअतष्खष्तष्क, च्भम भथभ) को प्रकोप बढेको पाइएको छ । बाटोमा हिँड्दा, खेल्दा, मुख धुँदा आँखामा फोहोर पदार्थहरु परेर आँखाको संक्रमण हुन सक्छ । यस अवस्थामा आँखा रातो हुने, चिलाउने, चिप्रा लाग्ने आदि लक्षणहरु देखिन्छन् । यस्तो अवस्थामा तुरुन्त उपचारका लागि आँखा उपचार केन्द्रमा लैजानु पर्छ ।

**आखा पाक्ने रोगबाट बच्ने उपायहरू:**
- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**आखा पाक्ने रोग लागिहालेमा के गर्ने ?**
- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछि हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

नोटः जानेर वा अन्जानमा आँखामा स्वास्थ्यकर्मीको सल्लाह बिना औषधी वा अन्य कुनै पदार्थ प्रयोग गर्दा आँखाको बाहिरी नानीमा घाउ भई फूलो परेर आँखा नदेख्ने अवस्थामा पुग्न सक्छ । आँखामा प्रयोग हुने दुध जस्तो औषधि आँखाको समस्या भएमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार मात्रै औषधी उपचार गराउन पर्छ र एक पटक दिएको औषधि बारम्बार आफैंले किनेर हाल्न हुँदैन ।


# कुखुराको मासुको मूल्य घट्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा कुखुराको मासुको मूल्य घटेको छ । २ साताअघिको कुखुराको मासुको मूल्यभन्दा अहिले प्रतिकेजी करिब ५० रुपैयाँ मूल्य घटेको हो ।

करिब दुई साताअघि हेटौंडामा ब्रोइलर कुखुराको मासु प्रतिकेजी ४ सय ५० रुपैयाँसम्म पुगेको थियो । पछिल्लो समय कुखुराको मासु प्रतिकेजी ३ सय ८० रुपैयाँदेखि ४ सय रुपैयाँमा बिक्री भइरहेको छ ।

कुखुराको अण्डा भने प्रतिक्रेट ३ सय ९५ रुपैयाँदेखि ४ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको मकवानपुर पोल्ट्री व्यवसायी संघका अध्यक्ष राजेन्द्र मैनालीले जानकारी दिनुभयो । मासु र अण्डाको मूल्य भने माछामासु व्यवसायी संघले तोक्ने गरेको उहाँले बताउनुभयो ।

हेटौंडा बजारमा हेटौंडा उपमहानगरपालिकाको साथै जिल्लाको बकैया, बागमती, मनहरीलगायत क्षेत्रबाट कुखुरा तथा अण्डा बिक्रीका लागि आउने गरेको छ । मकवानपुर जिल्लाभित्र उत्पादित अण्डा तथा मासुले मकवानपुर जिल्लाको आन्तरिक माग पूरा गर्न पर्याप्त रहेको उहाँले बताउनुभयो ।

# लम्पी स्किन नियन्त्रणका लागि कार्यक्रम

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा पशुमा लाग्ने रोग लम्पी स्किन नियन्त्रणका लागि सप्ताहव्यापी कार्यक्रम हुने भएको छ । संघीय सरकारको निर्देशनअनुसार जिल्लामा रोग नियन्त्रणका लागि साताव्यापी कार्यक्रम हुन लागेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरका प्रमुख डा. बज्रकिशोर ठाकुरले जानकारी दिनुभयो ।

आगामी साउन २५ गतेदेखि ३१ गतेसम्म कार्यक्रम सञ्चालन हुनेछ । कार्यक्रमअन्तर्गत् स्थानीय तहसँग समन्वय गर्ने, खोप कार्यक्रम (स्थानीय तहलाई खोप प्रवाह गर्ने), जचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र स्थानीय तहका प्राविधिक तथा कृषकहरुलाई लम्पी स्किनको बारे परामर्श दिने कार्य रहेको ठाकुरले बताउनुभयो । बिहीबार स्थानीय तहहरुको पशु शाखा प्रमुखहरुसँग रोगको विषयमा अन्तरक्रिया गरिएको उहाँले जानकारी दिनुभयो ।

मकवानपुरमा लम्पी स्किन रोग १३ हजार ९ सय ९१ पशुमा फैलिएको छ भने ५ सय १ पशुको रोग संक्रमणका कारण मृत्यु भएको छ । जिल्लामा २४ हजार ६ सय ६ वटा पशुहरुलाई रोग विरुद्धको खोप लगाइएको छ ।

## अभिभावकको विश्वाशसमा...

बनिरहेको अवस्थामा समस्या पनि निम्त्याइरहेको छ ।"

उपमहानगरले आधारभूत तहसम्म निर्माण गरेको स्थानीय पाठ्यक्रममा नैतिक शिक्षा समावेश गर्नु सकारात्मक भएको सुवेदीको भनाइ छ । विद्यार्थीको इच्छा र चाहनाअनुसार सीप प्रदान गर्न निजी विद्यालय सफल भएकै कारण संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थी बेरोजगार बन्न नपरेको सुवेदीले जीकिर गर्नुभयो । आगामी भदौ महिनामा विज्ञान र प्रविधिसँग जोडिएर जिवन व्यवहार शिक्षा कार्यक्रमका लागि पहल भइरहेको उहाँले जानकारी दिनुभयो । बालबालिकालाई व्यवहारिक र गुणस्तरीय शिक्षा प्रदानदेखि असल नागरिक बनाउने भावी योजना रहेको सुवेदीले बताउनुभयो । मकवानपुरका निजी विद्यालयले आफ्ना विद्यार्थीलाई साहित्यिक कार्यक्रममा सहभागी गराएर कला र क्षमतासँगै समाजको विकृति र विसङ्गति विरुद्ध आवाज उठाउने प्रयास समेत भइरहेको सुवेदीले बताउनुभएको छ ।

# बालबालिकालाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री नगर्ने



*सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण बन्द गर्न आग्रह गर्दै सहजकर्ता ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१२ नम्बर वडाका व्यवसायीले बालबालिकालाई सुर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्री वितरण नगर्ने प्रतिबद्धता जनाएका छन् । बिहीबार कार्यवाहक वडाध्यक्ष ज्ञानबहादुर श्रेष्ठसहितको टोलीले गरेको अनुगमनको क्रममा पर्चा र पम्प्लेट बाँड्दै सुर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रीवितरण नगर्न आग्रह गरेको थियो ।

व्यवसायीलाई प्रतिबद्धता पत्रमा हस्ताक्षर गराएसँगै बिक्री वितरण नगर्ने भएको हो । १८ बर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण नगर्न आग्रह गरिएको छ । यस्तै सार्वजनिकस्थल र विद्यालयको १ सय मिटर वरपर सुर्तीजन्य र २ सय मिटर वरपर मदिराजन्य पदार्थ बिक्रीवितरण गर्न पाईदैन । यस्तै २० वर्षभन्दा कम उमेरमा विवाह र १८ वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाउन आग्रह गरिएको छ । ६ वटा विद्यालयहरु वरपर भएका पसलहरुमा र विभिन्न मुख्य चोकहरुमा सुर्तीजन्य र मदिराजन्य पदार्थ बिक्रीवितरण नगर्न भनिएको हेटौँडा-१२ का बालमैत्री वडा सहजकर्ता प्रशंसा विश्वकर्माले जानकारी दिनुभयो । बालमैत्री स्थानीय शासन समिति, बालअधिकार समिति र वडाको संयुक्त टोलीले घरदैलो गर्दै व्यवसायीहरुलाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रीवितरण नगर्न प्रतिबद्धता गराएको छ ।

# सामुदायिक आँखा अस्पतालमा बिरामीको चाप बढ्दो



समाज संवाददाता

हेटौंडाः मौसम परिवर्तनसँगै अहिले धेरैमा आँखा पाक्ने र रातो हुने समस्या देखा परेको छ । यस्तो समस्या व्यापक बन्दै गएपछि हेटौंडा सामुदायिक आँखा अस्पतालमा उपचारका लागि आउने बिरामीको चाप बढ्न थालेको हो ।

अस्पतालमा आँखा जाँच्न आउने बिरामीहरुको चाप उच्चरुपमा बढिरहेको अस्पतालका कार्यक्रम संयोजक सुशील सिंहले जानकारी दिनुभयो । यो समस्या विद्यालय जाने बालबालिकामा धेरै देखिएको उहाँको भनाइ छ ।

यसअघि दैनिक सदरदर ३ सय जना बिरामी आँखा जाँचका लागि आउने गरेकोमो अहिले दैनिक ४ सय ५० को हाराहारीमा बिरामी आउने गरेको सिंहले बताउनुभयो । आँखा पाक्ने रोग कुनै पनि उमेर समूहका मानिसलाई हुनसक्ने उहाँले बताउनुभयो । यो धेरै जस्तो मौसम परिवर्तनको समय वा धुलो-धुवाँका कारण हुने उहाँको भनाइ छ ।

यो रोग लाग्दा आँखाबाट पिपजस्तो पदार्थ निस्किने, बिहान उठ्दा आँखा खोल्न गाह्रो हुने, परेली टाँसिएको अनुभव हुने उहाँले बताउनुभयो । अहिले यो समस्या जतातत‌ै देखिएको उहाँको भनाइ छ । यो रोगबाट बच्न आँखा सफा राख्नुका साथै आँखाबाट निस्केको पिपजस्तो पदार्थ सफा कपास वा नरम कपडाले समय-समयमा सफा गर्नुपर्ने र त्यसपछि राम्ररी साबुनपानीले हात धुनुपर्ने उहाँले बताउनुभयो ।

'फोहोर कपडा वा लगाइरहेको लुगा, सारीको आँचल वा हातले आँखा पुछ्नु हुँदैन', संयोजक सिंहले भन्नुभयो– 'दिनदिनै लुगा र चलाएको रुमाल फेर्नुपर्छ । आँखामा लगाउने शृंगारको प्रयोग गर्न बन्द गर्नुपर्छ ।' अरुको लुगा, रुमाल र आँखामा लगाउने निजी शृंगारको उपकरण एकापसमा प्रयोग नगर्न उहाँले सुझाउनुभयो । आँखा पाकेमा आफूखुसी औषधि प्रयोग नगरी आँखा विशेषज्ञलाई देखाउनुपर्ने उहाँले बताउनुभयो ।

# विश्व स्तनपान सप्ताह मनाइँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा विश्व स्तनपान सप्ताह मनाइँदैछ । मकवानपुर जिल्लाका स्वास्थ्यसँग सम्बन्धित सरकारी निकाय तथा स्थानीय तहहरुले स्तनपान सप्ताह मनाइरहेका हुन् ।

जनस्वास्थ्य निर्देशनालय र जिल्लाका सबै स्थानीय तहलगाउत स्वास्थ्य संघसंस्थाले साउन १६ देखि २२ सम्म विश्व स्तनपान सप्ताह मनाइरहेका छन् । जनस्वास्थ्य निर्देशनालयले 'स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितता, सबै सरोकारवालाहरूको प्रतिबद्धता' नाराका साथ मानिसमा जनचेतना जगाइरहेको जनस्वास्थ्य निर्देशनालयका विष्णु रिमालले बताउनुभयो ।

निर्देशनालयले शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको दूध (बिगौती दूध) खुवाउनुपर्ने हुन्छ । शिशुलाई जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउन चिकित्सकहरुले सल्लाह दिने गरेका छन् । आमाको दूध शिशुको लागि सर्वोत्तम आहार हुने र यसले शिशुको रोगसँग लड्नसक्ने क्षमतालाई बढाउने चिकित्सकको भनाइ छ ।

स्तनपानले महिलाहरूमा स्तन क्यान्सर र पाठेघर क्यान्सर हुने जोखिमलाई कम गर्ने गर्दछ । बालबालिकालाई ६ महिना पूरा भएपछि पूरक खानाका साथसाथै कम्तिमा २ वर्ष उमेरसम्म निरन्तर स्तनपान गराउनु आवश्यक हुन्छ । चिकित्सकको सल्लाहबिना शिशुलाई आमाको दूधबाहेक अन्य कुनै किसिमको दूध नखुवाउन र दूधदानीको प्रयोग नगर्न सचेतना जगाएर विश्व स्तनपान सप्ताह मनाइँदैछ ।

निर्देशनालयले हेटौंडा उपमहानगर पालिका र मकवानपुरगढी गाउँपालिका गएर स्वास्थ्य स्वयम्सेविकासँग छलफल गरिरहेको छ । विश्व स्तनपान सप्ताह १ सय ८ स्वास्थ्य संस्था र १० पालिकाले मिलेर मनाइरहेको रिमालले बताउनुभयो ।

# एकैदिन ४ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः विभिन्न जिल्लामा एकैदिन ४ जना मृत फेला परेका छन् । बागमती प्रदेशको धादिङ, चितवन, सिन्धपाल्चोक र रामेछाप जिल्लामा एकैदिन ४ जना मृत फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

धादिङ जिल्लाको धुनिबेसी नगरपालिका-९, सिक्रेखोलामा अचेत अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । बुधबार बिहान ११ बजेर २० मिनेटको समयमा अन्दाजी ५५ वर्षीय पुरुष व्यक्ति सडक छेउमा अचेत अवस्थामा फेला परेका थिए । पुरुषलाई उपचारका लागि गंगालाल अस्पताल काठमाडौं लागिएकोमा उपचारको क्रममा ३ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-१ मा रहेको हरिहर मन्दिर छेउमा एक जना पुरुष मृत फेला परेका छन् । बुधबार बिहान १० बजेर २० मिनेटको समयमा हाल नाम थर वतन नखुलेको अन्दाजी ५० वर्षीय मागी खाई हिँड्ने पुरुष मृत फेला परेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल भरतपुर लगिएको प्रहरीले जनाएको छ ।

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-११, मेलम्चीमा एकजना पुरुष मृत फेला परेका छन् । बुधबार मेलम्चीस्थित एक विद्यालयको अगाडि ग्राउण्डमा हाल नाम थर वतन नखुलेको बेवारिसेरुपमा हिँड्ने अन्दाजी ४५ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि नगर अस्पताल मेलम्ची लगिएको प्रहरीले जनाएको छ । रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-४, लाप्चानेमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा काठमाडौं महानगरपालिका-१६, बालाजु टौदहका ५५ वर्षीय उत्तम लामा रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार दिउँसो १ बजेर ३० मिनेटको समयमा लाप्चानेस्थित खोल्सामा मृत फेला परेका थिए । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि मन्थली अस्पतालमा लगिएको प्रहरीले जनाएको छ ।

# बागमती नदिमा डुबेर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको बागमती गाउँपालिका-४ पाल्पालेमा बागमती नदिमा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ८ वर्षीय निशान बल रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बल बुधबार बागमती नदिमा पौडी खेल्ने क्रममा डुबी मृत्यु भएको थियो । शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याएको प्रहरीले जनाएको छ ।

# गाँजासहित ४ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले ९ किलोग्राम लागुऔषध गाँजासहित ४ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषा जिल्लाको महेन्द्रनगर नगरपालिका-१६ का १८ वर्षीय रबि कुमार महरा, पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-९, रानीघाटका ३१ वर्षीय धनराज गिरी, मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका-३ का ४५ वर्षीय बुद्धि लाल डिमडुङ र भारत सितामढीका २२ वर्षीय दिपक यादव रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार बिहान ११ बजेर ३० मिनेटको समयमा चितवनबाट वीरगञ्ज जाँदै गरेको ना ८ ख ७३४६ नम्बरको बसलाई सुरक्षा गर्दा बसमा सवार उनीहरुको साथबाट ९ किलोग्राम लागुऔषध गाँजा फेला परेको थियो । लागुऔषध गाँजासहित ४ जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान

# सर्पले टोकाइबाट बालिकाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको बकैया गाउँपालिका-७ अधेरीमा सर्पले टोकेर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा १२ वर्षीया करिश्मा लो रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बुधबार लोलाई आफ्नै घरमा सर्पले टोकेको थियो । लोलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा उपचारको क्रममा मृत्यु प्रहरीले जनाएको छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः २००२ बैशाख २ गते
स्व. गुण बहादुर जोशी
स्वर्गारोहणः २०८० श्रावण ११ गते

पूर्वराष्ट्रिय फुटबल टिमका सदस्य खेलाडी नरेश जोशी तथा फिफा सहायक रेफ्री शैलेश जोशीका पुजनीय पीता **गुण बहादुर जोशी**को ७८ वर्षको उमेरमा निधनको खबरले मर्माहत भएका छौं । यस दुखद घडीमा स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरी दिवंगत आत्काको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजकुमार श्रेष्ठ, अध्यक्ष

**एवम् पशुपति युवा क्लब परिवार**

हेटौंडा-९, पशुपतिनगर

## सर्पको टोकाईबाट बचौं

- घरपरिवरी सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिडौं
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## स्वादिष्ट नेवारी खाजा



अब



होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

" गुणस्तरीय शिक्षा चन्द्रोदय मा.वि.को इच्छा "

## चन्द्रोदय माध्यमिक विद्यालय

हेटौडा-८, मकवानपुर

**भर्ना खुल्यो !**

यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्कायहरुमा भर्ना खुल्यो ।

| शिक्षा सङ्कायतर्फ | मानविकी सङ्कायतर्फ | वाणिज्य सङ्कायतर्फ |
| --- | --- | --- |
| ऐ.विषयहरु | ऐ.विषयहरु | ऐ.विषयहरु |
| अङ्ग्रेजी शिक्षा | अङ्ग्रेजी | लेखाशास्त्र |
| नेपाली शिक्षा | नेपाली | अर्थशास्त्र |
| गणित शिक्षा | गणित | कम्प्युटर शिक्षा |
| स्वास्थ्य शिक्षा | ग्रामीण विकास | व्यवसायिक अध्ययन |
| वातावरणीय शिक्षा | समाजशास्त्र | |
| शिक्षाका आधार | स्वास्थ्य | |
| बाल विकास तथा सिकाई | | |



भर्ना फारम धमाधम वितरण भइरहेको छ ।

विस्तृत जानकारीका लागि
९८५५०७२००१, ९८४५८००९७७, ९८४५४५५६१८


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ